सुनवल नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, ५ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भागः २ खण्डः २ संख्याः ५ १ असोज २०७६, सोमवार

सुनवल नगरपालिकाको नगरकार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रशासन गरिएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि नं. ५

## सुनवल नगरपालिका सहकारी शित भण्डार कोष संचालन कार्यविधि, २०७५

**प्रस्तावना :** सुनवल नगरपालिका वडा नं. २ मा संचालन हुन लागेको सहकारी सितभण्डार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, जिल्ला सहकारी संघ र विभिन्न सहकारी संस्थाहरुको लागत साझेदारीमा संचालन र निर्माण गर्न र त्यसको कोषको व्यवस्थापन, संरक्षण र संचालनको आवश्यकता महशुस गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि तयार गर्न बाञ्छनिय देखिएकोले सुनवल नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधीको नाम "सुनवल नगरपालिका, सहकारी शितभण्डार कोष संचालन कार्यविधि, २०७५" रहनेछ ।

ख) यो तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कोष" भन्नाले सुनवल नगरपालिका, सहकारी शितभण्डार कोष संचालन कार्यविधि, २०७५" को दफा ३ बमोजिमको कोषलाई सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको कोष संञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "शितभण्डार" भन्नाले नेपाल सरकार, स्थानीय सरकार, जिल्ला सहकारी संघ, विभिन्न सहकारी संस्थाहरु लगायतको लागत साझेदारीमा सुनवल नगरपालिकामा निर्माण हुने शितभण्डारलाई सम्झिनु पर्नेछ ।

(घ) "स्थानीय सरकार" भन्नाले जिल्ला नवलपरासी बर्दघाट सुस्ता पश्चिमका गाउँपालिका र नगरपालिकालाई बुझाउनेछ ।

(ङ) "जिल्ला सहकारी संघ" भन्नाले जिल्ला सहकारी संघ, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लाई बुझाउनेछ ।

(च) "सहकारी संस्था" भन्नाले शितभण्डार संचालनका लागि शेयर लगानी गर्ने नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का विभिन्न सहकारी संस्था लि. हरुलाई बुझाउनेछ ।

**३. कोष स्थापना :** "सुनवल नगरपालिका, सहकारी शितभण्डार कोष संचालन कार्यविधि, २०७५" बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकारबाट सहकारी शीत भण्डार निर्माण सम्बन्धी मानदण्ड, २०७४ बमोजिम कोषमा प्रदान हुने रकम ।

(ख) विभिन्न स्थानीय तहबाट प्राप्त हुने रकम ।

(ग) सुनवल नगरपालिकाबाट प्राप्त लगानी हुने रकम ।

(घ) विभिन्न सहकारी संघ संस्थाहरुबाट शेयरवापत प्राप्त रकम ।

(ङ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम

**४. कोषको प्रयोग :** यस कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि मात्र खर्च गरिनेछ ।

(क) शित भण्डारको डिपिआर निर्माण, योजना तर्जुमा, योजना कार्यान्वयन

र पूर्वाधार निर्माणमा ।

(ख) शित भण्डार संचालन, मर्मत सम्भार एवं संरक्षणमा ।

(ग) शित भण्डार संचालनका लागि हुने तलव, भत्ता तथा अन्य आवश्यक खर्चहरु ।

**५. कोषको रकम प्रयोग हुन नसक्ने :**

(क) शीत भण्डार संचालनमा प्रत्यक्ष सरोकार राख्ने खर्च बाहेक अन्य कुनै असम्बन्धित कार्य प्रयोजनका लागि यस कोषबाट कुनै किसिमको खर्च गर्न पाईने छैन :-

(ख) कसैलाई चन्दा, पुरस्कार, उपहार प्रदान गर्न ।

(ग) शितभण्डार संचालन सम्वन्धमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

६. **कोष सञ्चालन समिति :** कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछ :-

(क) सुनवल नगरपालिकाका नगर प्रमुख – संयोजक

(ख) अध्यक्ष, जिल्ला सहकारी संघ, नवलपरासी – सह–संयोजक

(ग) स्थानीय तहका प्रमुख मध्ये १ जना – सदस्य

(घ) सुनवल नगरपालिकाका नगर उपप्रमुख – सदस्य

(ङ) सहकारी संघ संस्था मध्ये १ जना महिला सहित ३ जना – सदस्य

(च) सुनवल नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(छ) अर्थिक प्रशासन शाखा प्रमुख, सुनवल नगरपालिका – सदस्य

(ङ) स्थानीय उद्योग बाणिज्य संघका प्रतिनिधी – सदस्य

(च) सहकारी हेर्ने अधिकृत, सुनवल नगरपालिका – सचिव

**७. वैठक संचालन :**

क) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) बैठक बस्दा गणपुरक संख्या अनिवार्य पुऱ्याउनु पर्नेछ ।

(ग) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको वैठक सम्बन्धी कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. कोष सञ्चालन :**

(क) कोषमा प्राप्त हुने रकम  स्वीकृत वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(ख) उपदफा (क) बमोजिमको खाता नगरपालिका प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कोष संचालन गर्दा नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियम तथा सहकारी शीतभण्डार मानदण्ड, २०७४ बमोजिम हुनेछ ।

**९. लेखा र लेखापरीक्षण :**

(क) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरिक्षण शाखाबाट र अन्तिम लेखापरिक्षण तोकीए बमोजिम हुनेछ।

**१०. कोषको रकम वितरण गर्ने कार्यविधि :**

(क) कोषको रकम उपलब्ध गराउँदा शितभण्डार संचालन, व्यवस्थापन बिषयक खर्चको औचित्यलाई दृष्टिगत गरी समितिले उचित ठहऱ्याए बमोजिम समितिको सिफारिसमा रकम उपलब्ध गराईनेछ ।

(ख) उपदफा (क) बमोजिम रकम उपलब्ध गराउँदा स्थानीय सरकार, जिल्ला, प्रदेश तथा संघीय सरकार, सहकारी विभागको निर्देशनलाई समेत आधार बनाइनेछ ।

**११. निर्देशन दिन सक्नेः** नगर कार्यपालिकाले यस कार्यविधि बमोजिम शितभण्डार संचालन संचालन गराउने सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१२. अनुगमन :** यो कार्यविधि अनुसारको कामको अनुगमन गर्ने जिम्मेवारी नगरकार्यपालिका, जिल्ला सहकारी संघको  संचालक समितिको हुनेछ ।

**१३. प्रतिवेदन :** यो कार्यविधि अनुसार संचालित कार्यहरुको प्रतिवेदन सबै

साझेदार निकायहरुलाई उपलव्ध गराउनु पर्नेछ। स्थानीय सरकारलाई नगरसभा हुनुभन्दा पहिले, जिल्ला सहकारी संघ र सहकारीहरुलाई साधारण सभा हुनु भन्दा पहिला उपलव्ध गराउनु पर्नेछ।

**१४.** **हस्तान्तरण :** शित भण्डार निर्माण समाप्त भए पछि सहभागिता को आधार सहकारी शीतभण्डार मापदण्ड, २०७४ अनुरुप हुने गरी हस्तान्तरण हुनेछ

**१५** **संसोधन :** यस कार्यविधिलाई व्यवस्थीत र प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन संसोधन आवश्यक ठाएिमा सुनवल नगरकार्यपालिकाले संसोधन गर्न सक्नेछ।

**१६.** **बचाउ तथा खारेजी :** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा शितभण्डार संचालन सम्वन्धी अन्य नीति, निर्देशिकासँग र अन्य कुनै ऐन तथा नियम संग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

प्रमाणीकरण मितिः २०७५/०६/०१

आज्ञाले,
**रामलाल श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत